नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग

फोन: ४४२९६५९
४४२९६६०
४४३३९३४
४४३८८६२
४४३८८६८
फ्याक्स: ४४३३९३५

(..... शाखा)

कालिकास्थान, काठमाण्डौं
Website: www.nepalimmigration.gov.np
E-mail : info@nepalimmigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या :- ०८३।०८४
चलानी नं. :-

नेपाल सरकार
गृह मन्त्रालय
अध्यागमन विभाग
२०४६

प्रेस विज्ञप्ति

मिति २०८३ असोज ५ गते श्रम भिसामा कुवेत प्रस्थान गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको डेस्कमा उपस्थित भएका एक यात्रुलाई श्रम स्वीकृति विना प्रस्थान अनुमति दिइएको सम्बन्धमा प्रारम्भिक अनुसन्धान गरिएको छ।

अनुसन्धानका क्रममा विभागको नेपाली पोर्ट प्रणाली तथा CCTV फुटेजबाट निज यात्रु बिहान करिब ६:३० बजे अध्यागमन क्षेत्रमा प्रवेश गरेको र श्रम स्वीकृति नभएको अवस्थामा समेत अध्यागमन डेस्कमा करिब ३० मिनेटसम्म कुराकानी गरेको तथा तेस्रो व्यक्तिसँग सम्पर्क भएको देखिएको छ। तत्पश्चात् बिहान करिब ७:१० बजे निजलाई प्रस्थान अनुमति दिइएको खुलेको छ।

यसैबीच, वैदेशिक रोजगार विभागको श्रम स्वीकृतिसम्बन्धी प्रणालीबाट प्राप्त विवरणअनुसार निज यात्रु उडिसकेपछि मात्र श्रम स्वीकृतिको प्रक्रिया अगाडि बढाएको देखिएको छ। यसबाट यात्रुलाई प्रस्थान अनुमति दिइएको समयमा निजको श्रम स्वीकृति प्रक्रिया पूरा नभएको प्रारम्भिक रूपमा देखिएको छ।

प्रारम्भिक अनुसन्धानका क्रममा निज यात्रु र जापानमा रहेका एक व्यक्तिबीच रकमसम्बन्धी कारोबार भएको तथा सो विषयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयमा कार्यरत एक जना अध्यागमन अधिकृतको संलग्नता हुन सक्ने देखिएको छ। निज अध्यागमन अधिकृतलाई आजैदेखि जिम्मेवारीबाट अलग गरी विभागमा फिर्ता बोलाइएको छ।

उक्त कार्यमा अन्य व्यक्तिहरूको समेत संलग्नता हुन सक्ने देखिएकाले सो सम्बन्धमा विस्तृत अनुसन्धान गरी आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा सिफारिश गरी पठाइएको छ।

०८३।६।६

मितिः २०८३ असोज ६ गते

(टीकाराम ढकाल)
निर्देशक एवम् प्रवक्ता